# १ सृष्टि र पतन

<u>*यस अध्यायका मूल पदहरू*</u> उत्पत्ति १:२६,२७, १ यूहन्ना ४:७, ८, १६, उत्पत्ति ३:१६-१९, उत्पत्ति ११:१-९, गलाती ३:२९ र व्यवस्था ७:६-११।

**यस अध्यायको मूल सार पदः "अनि उहाँले (परमेश्वरले) उनलाई (अब्राहमलाई) उनको घरबाट बाहिर ल्याउनुभयो र आकाशतिर देखाउँदै भन्नुभयो "लौ, आकाशतिर हेर र ताराहरू गन्न सक्छौ भने गन।" "अनि परमेश्वरले अब्राहमलाई भन्नुभयो "जतिका ताराहरू आकाशमा छन्, त्यतिकै तिम्रो सन्तान हुनेछन्।" अनि उनले परमेश्वरको वचनमा विश्वास गरे, त्यो उनको निम्ति धार्मिकतामा गनियो" (उत्पत्ति १५:५,६ रूपान्तरित)।**

परमेश्वरका जनहरूको कथा मानव जीवनको सृष्टि र दुःखमय तरीकाले तिनीहरू पापमा फसेको सुरू हुन्छ। यदि चर्चको एकताको बारेमा चर्चा गरिन्छ भने त्यो सृष्टिमा परमेश्वरको सुरूको योजना के थियो र पापले गर्दा त्यो योजना भताभुङ्ग भएतापनि पाप आउनुभन्दाको स्थितिलाई पुनस्थापना गर्ने परमेश्वरको योजनालाई मनन गर्नु आवश्यक छ।

सारा मानव प्राणीहरू एकै भएर बसुन् भन्ने परमेश्वरको मनशाय उत्पत्तिको पुस्तकको प्रथम अध्यायले प्रकट गर्दछ। दुर्भाग्यवस, मानिसहरू एकै मनका भएर मिलेर बसोस् भन्ने परमेश्वरको चाहना पापको दुःखद प्रवेशले चक्नाचुर पारियो। अनमेल र विभाजनको उदय पापकै जराबाट भएको थियो। त्यसको गर्दा मानिसहरूले परमेश्वरको वचन वा आज्ञाहरूलाई मानिरहन आफ्नो नैतिक जिम्मेवार ठानेनन्। फलस्वरुप, मानिसहरू अनेकौं नराम्रो परिणामहरूमा होमिन पुगियो। जब निषेधित फल खाएपछि आदम र हव्वा डरले लुक्न गए तब त्यसबेला परमेश्वरले तिनीहरूलाई जुन सम्बोधन गर्नुभयो त्यसमा आदम र हव्वाले दिएको प्रतिक्रियाले मानिस-मानिस र मानिस र परमेश्वरको बीचमा ल्याउने विभाजनको आभास् पाइन्छ (उत्पत्ति ३:११)। त्यसकारण मुक्तिको योजनालाई साकार पार्न जे जे काम गरियो त्यसको निर्णायक लक्ष्य नै मानिस र मानिस, परमेश्वर र मानिसको बीचमा टुटेको सम्बन्धलाई **जोडि** गुमिएको एकतालाई पुनस्थापना गर्नु हो।

परमेश्वरको मुक्तिको योजनामा परमेश्वरका जनहरूको पूर्खा अब्राहमले मूख्य भुमिका खेल्ने अवसर पाएका थिए। धर्मकर्म गरेर होइन तर “विश्वास वा परमेश्वरमा आस्था राखेमात्र धार्मिकता हुन्छ" भन्ने शिखर उदाहरण अब्राहम भएको पवित्र धर्मशास्त्र बाइबलले चित्रण गर्दछ (रोमी ४:१-५)। त्यस किसिमका विश्वास तथा आस्थाले मानिसहरू एकआपसमा र परमेश्वर र परमेश्वरका मानिसहरूको बीचमा एकता ल्याउँदछ। मानिसहरूलाई एकताको शुत्रमा बाँधन वा गुमिएको एकतालाई पुनस्थापना गर्ने कार्य सम्पन्न परमेश्वरले मानिसलाई नै प्रयोग गर्नुहुन्छ। एक आपसको सम्बन्धलाई टुक्राएर र साथै परमेश्वरबाट अलग भएर लक्ष्यहीन जीवन बिताएर हराइरहेका मानवजगतलाई एकताको शुत्रमा आओस् भन्ने परमेश्वरको चाहना आफ्नै जनहरूबाट थाहा दिनुहुन्छ।

## १. एकताको जग प्रेम

एक हप्ता लगाएर परमेश्वरले यो पृथ्वी सृष्टि गर्नुभएको थियो। त्यो सृष्टिमा कसरी सबै थोक ठिकठाक र राम्रो भएको थियो भनेर उत्पत्ति १ र २ले बताउँछ। सृष्टिका सबै जीवहरूको बीचमा र प्राकृतिक संसारमा पनि राम्रोसँग तालमेलको वातावरण थियो। सृष्टिको अन्तमा परमेश्वर आफैले यो वचन अन्तिम वचन उच्चारण गर्नुभएको थियो "धेरै राम्रो" (उत्पत्ति १:३१) अर्थात् "आहा, कति राम्रो!" उहाँले केवल पृथ्वीको सौन्दर्यता र रमणीयतालाई मात्र हेरेर आफ्नो हर्ष व्यक्त गर्नुभएको थिएन। तर त्यसबेला यस पृथ्वीमा भएका बनस्पतिहरूमा, जीव जनावरहरूमा र आदम र हव्वाको बीचमा कुनै खराबी तत्व थिएन न त कुनै फुट वा असहमति तथा बेमेल थियो। न त भविष्यमा हुने पृथ्वी तथा मानव जीवनको बिस्तारमा खराब तत्व आउने अपेक्षा नै गरिएको थियो। मानव प्राणीको निम्ति सृष्टि गरिएको पृथ्वी अति सुन्दर थियो। परमेश्वरको हात तथा उच्चारणबाट सृष्टि भएका सबै थोकहरू सिद्ध र उहाँको मूल्यमान्यतालाई झल्काउने खालको थियो। सबै जना एक भएर, तालमेल गरेर प्रेममा रहोस् भन्ने आदर्श चाहना परमेश्वरको थियो। त्यसैको निम्ति परमेश्वरले यस संसारलाई सृष्टि गर्नुभएको थियो।

उत्पत्ति १ र २ अनुसार **सारा जीव जनावर, पक्षी, समुद्रका जीवहरू र सुन्दर बनस्पतिलाई जुन रूपमा परमेश्वरले सृष्टि गर्नुभएको थियो त्यसको बिपरित मानव जगतको सृष्टि बिशेष गरेर छुट्टै थियो भनेर उत्पत्ति १:२६,२७ले**

कसरी बताउँछ? हेर्नुहोस्ः "२६ फेरि परमेश्वरले भन्नुभयो, "मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं। तिनीहरूले समुद्रका माछाहरू, आकाशका पक्षीहरू, पालिने पशुहरू र जमिनमा चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून्।" २७ यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो। परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो। नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो।" (यी पदहरू पनिः "७ तब परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो, र मानिस जीवित प्राणी भए।" उत्पत्ति २:७ र "१९ परमप्रभुले सबै वन-पशु र आकाशका सबै पन्क्षी लाई भूमिबाट बनाएर मानिसले तिनीहरूको के-के नाउँ राख्दो रहेछ भनी हेर्न तिनीहरूलाई मानिसकहाँ ल्याउनुभयो। र मानिसले हरेक प्राणीलाई जे-जे नाउँ दिए त्यही-त्यही नै त्यसको नाउँ भयो। २० अनि मानिसले नै सबै पालिने पशु, आकाशका पन्क्षी र सबै वन-पशुहरूका नाउँ राखे।

तर आदमको निम्ति तिनलाई सुहाउँदो कोही सहयोगी पाइएन। २१ यसैकारण परमप्रभु परमेश्वरले मानिसलाई मस्त निद्रामा पार्नुभयो, र तिनी निदाएको बेलामा तिनका करङहरूमध्येको एउटा निकालेर त्यसको ठाउँमा मासु भरिदिनुभयो। २२ जुन करङ परमप्रभु परमेश्वरले मानिसबाट निकाल्नुभएको थियो, त्यसबाट एउटी स्त्री बनाएर मानिसकहाँ ल्याउनुभयो। २३ मानिसले भने, "यो त मेरै हाड़को हाड़ र मासुको मासु हो। तिनलाई स्त्री भनिने छ। किनभने तिनी पुरुषबाट निकालिएकी थिइन्।" २४ यसैकारण मानिसले आफ्ना आमा-बाबुलाई छोड्छ र आफ्नी पत्नीसँग मिलिरहन्छ, र तिनीहरू एउटै शरीर हुन्छन्। २५ मानिस र तिनकी पत्नी दुवै नाङ्गा थिए, र लजाउँदैनथे।" उत्पत्ति २:१९-२५)।

सारा जीवजीवातहरूको सृष्टिपछि परमेश्वरले मानिसलाई आफ्नै स्वरुपमा बनाऔं भनेर मानिसको सृष्टि गर्नु भएको कुरा उत्पत्तिले वर्णन गर्दछ। कुनै पनि पशु वा अरू प्राणीहरू परमेश्वरको स्वरुपमा सृष्टि भएको थिएन। "अनिपछि परमेश्वरले भन्नुभयो, "लौ हामीहरूकै स्वरुपमा हामी जस्तोगरि मानिसलाई सृष्टि गरौं। अनि परमेश्वरले आफ्नै स्वरुपमा मानिसलाई बनाउनुभयो। आफ्नै स्वरुपमा परमेश्वरले नर र नारी सृष्टि गर्नुभयो" (उत्पत्ति १:२६,२७ रूपान्तरित)। बाइबल होस् वा अरू धर्मका धर्मशास्त्रीहरू किन नहोस् उक्त पदलाई लिएर शताब्दीयौसम्म तिनीहरूको बीचमा तर्कवितर्क वा

वादविवाद चलिरहेको छ। परमेश्वरको स्वरुप भनेको के हो? उहाँको स्वभाव कस्तो हो? त्यसको ठ्याक्कै परिभाषा मानिसहरूको दिमागमा घुमिरहेकै छ। तर धर्मशास्त्र बाइबलले परमेश्वरको उल्लेखनीय स्वभाव वा स्वरुप प्रेम हो भनेर विभिन्न पङ्क्तिहरूद्वारा प्रकट गरिएको छ।

**उदाहरणमा १ यूहन्ना ४:७, ८ र १६ हेर्नुहोस्। ती पदहरूले सुरुमा हामीहरूलाई कसरी सृष्टि गरिएको थियो र सुरुमा कुन स्वभावले एकतामा प्रभाव पारेको थियो भनेर बताइएकोले त्यसलाई आत्मसात् गर्दा हामी कसरी बुझेर चल्न सक्छौं? पढ्नुहोस् "७ प्रिय हो, हामी एउटाले अर्कोलाई प्रेम गरौं, किनभने प्रेम परमेश्वरबाट आउँछ। जसले प्रेम गर्छ त्यो परमेश्वरबाट जन्मेको हो, र परमेश्वरलाई चिन्छ। ८ प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ।...१६ यसरी हामीप्रति भएको परमेश्वरको प्रेम हामी जान्दछौं र विश्वास गर्छौं। परमेश्वर प्रेम हुनुहुन्छ, र जो प्रेममा रहन्छ त्यो परमेश्वरमा रहन्छ, र परमेश्वर त्यसमा रहनुहुन्छ।"**

परमेश्वर प्रेम हुनुहुन्छ, त्यसैकारणले मानव प्राणीले पनि एक आपसमा प्रेम गर्न सक्छ। यदि कोही परमेश्वरको स्वरुपमा छु भनेर दावी गर्छ भने त्यसमा परमेश्वरले जस्तै प्रेम गर्ने खुबी हुनै पर्छ (संसारका अरू जीवजीवात तथा बनस्पतिले त्यस खालको प्रेम गर्न सक्दैन)। अचम्मको कुरो त यो छ कि प्रेमको अस्तित्व भनेको कोठामा बसेर ध्यान गर्ने नभएर एक आपसमा सम्बन्ध वा घुलमिल गरेरमात्र कायम हुन्छ। त्यसकारण परमेश्वरको स्वभाव वा स्वरुप हुन जेसुकै गुणहरू समावेस भएतापनि त्यसमा प्रेम गर्ने खुबी हुनैपर्छ त्यो पनि देखावटी नभएर गहिरो र सक्कली प्रेम हुनुपर्छ।

## २. पतनको नतिजा

परमेश्वरले नखानु भनेको फल खाँदा जुनरूपमा मानिसको पतन भयो त्यसको नतिजा भयङ्कर बिशाल थियो। परमेश्वरको आज्ञा नमान्ने आदम र हव्वाको कदमले समस्त प्राणीमा एक आपसमा सुमधुररूपमा तालमेल भएर पारस्परिक निर्भरता वा भरपर्ने गुण नराम्रोसँग फुट्न थालेको थियो। अझ त्यो भन्दा नराम्रो तः मानिसहरूको बीचमा बेमेल, कलह, बखेडा, फूट र विभाजनको स्थिति खडाभयो जुन अहिले पनि जारी नै छ। एक आपसमा होस् वा अरूमाथि दोष लगाउन आदम र हव्वाले जुन् कदम चाले त्यसले नै तिनीहरूको बीचमा तत्कालै बेमेलभएको देखाइएको थियो (उत्पत्ति

३:१६-१९)। त्यसबेलादेखि अहिलेसम्म सर्वत्ररूपमा मानव जातिले एक आपसमा मिल्न नसक्ने अवगुण झन चर्कोरूपमा देखाइरहेको छ।

एक आपसमा मेलमिलाप गरि सुमधुर सम्वन्ध भएको सृष्टि परमेश्वरले गर्नुभएको थियो। तर पापले गर्दा त्यसमामात्र होइन अरूमा पनि कसरी खराब प्रभाव पाऱ्यो भनेर देहायका केही पदहरूले कसरी देखाउँछ? हेर्नुहोस्ः उत्पत्ति ३:८-१९ “८ अनि साँझपख परमप्रभु परमेश्वर बगैंचामा डुल्दैहुनुहुँदा तिनीहरूले उहाँको सोर सुने, र मानिस र उनकी पत्नी बगैंचाका रूखहरूका बीचमा परमप्रभु परमेश्वरको नजरबाट लुके। ९ तर परमप्रभु परमेश्वरले मानिसलाई बोलाउनुभयो, "तिमी कहाँ छौ?" १० उनले भने, "मैले तपाईंको सोर बगैंचामा सुनें र म डराएँ, किनभने म नाङ्गै थिएँ, र म लुकें।"

११ उहाँले सोध्नुभयो, "तिमी नाङ्गै छौ भनेर कसले भन्यो? जुन रूखको फल नखानू भनी मैले तिमीलाई आज्ञा दिएको थिएँ के तिमीले त्यो खायौ? " १२ मानिसले भने, "जुन स्त्री तपाईंले मलाई मसँगै रहन भनी दिनुभएको थियो, त्यसैले मलाई त्यो रूखको फल दिई र मैले खाएँ।" १३ अनि परमप्रभु परमेश्वरले स्त्रीलाई भन्नुभयो, "तिमीले यो के गऱ्यौ? " स्त्रीले भनिन्, "सर्पले मलाई छल गऱ्यो, र मैले त्यो खाएँ।" १४ तब परमेश्वरले सर्पलाई भन्नुभयो, "तैंले यसो गरेको हुनाले, "तँ सबै पालिने पशुहरू
र सबै वन-पशुहरूभन्दा ज्यादा श्रापित हुनेछस्। पेटद्वारा तँ हिँड्नेछस् र तेरो जीवनभरि तैंले माटो खानेछस्। १५ तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु। त्यसले तेरो शिर कुच्च्याउनेछ, र तैंले त्यसको कुर्कुच्चो डस्नेछस्।" १६ स्त्रीलाई उहाँले भन्नुभयो, "तिम्रो सुत्केरी-वेदना म ज्यादै गरी बढ़ाइदिनेछु।

दुःखसँग तिमीले बालक जन्माउनेछौ। तिम्रो इच्छा पतितर्फ नै हुनेछ, र त्यसले तिमीलाई अधीनमा राख्नेछ।" १७ त्यसपछि आदमलाई उहाँले भन्नुभयो, "तिमीले तिम्री पत्नीको कुरा सुनेर मैले नखानू भनेको रूखको फल खाएको हुनाले, "भूमि तिम्रो कारण श्रापित भएको छ। तिम्रो जीवनभरि दुःखसँग त्यसको उब्जनी तिमीले खानेछौ। १८ त्यसले तिम्रो निम्ति काँढ़ा र सिउँड़ीहरू उमार्नेछ, र तिमीले खेतको सागपात खानेछौ। १९ माटोमा नफर्कुञ्जेल तिम्रो निधारको पसीनाले कमाएको भोजन तिमीले खानेछौ। किनकि माटैबाट तिमी निकालिएको थियौ। तिमी माटै होस् र माटैमा फर्किजानेछौ।" (रूपान्तरित) र उत्पत्ति ४:१-१५ “१ आफ्नी पत्नीसित आदमको सहवास भयो, र तिनी

गर्भवती भएर कयिनलाई जन्माइन्, र भनिन्, "परमप्रभुको सहायताले एक पुरुष जन्माएँ।" २ फेरि तिनले कयिनको भाइ हाबिललाई जन्माइन्। हाबिल भेड़ा-गोठाला भए, र कयिनचाहिँ भूमिको खेतीकिसानी गर्ने भए।३ केही समय बितेपछि कयिनले परमप्रभुकहाँ भूमिको उब्जनीबाट केही ल्याए। ४ तर हाबिलले आफ्ना भेड़ाको बगालबाट पहिले जन्मेका पाठाहरूका बोसे भाग ल्याए। परमप्रभुले हाबिल र तिनको भेटी ग्रहण गर्नुभयो, ५ तर कयिन र तिनको भेटी ग्रहण गर्नुभएन। यसैले कयिन ज्यादै रिसाए, र तिनको मुख अँध्यारो भयो। ६ तब परमप्रभुले कयिनलाई भन्नुभयो, "तिमी किन रिसाउँछौ?तिम्रो मुख किन अँध्यारो छ? ७ यदि तिमीले जे ठीक छ त्यो गरेको भए के त्यो ग्रहणयोग्य हुँदैन र? तर यदि तिमीले ठीक काम गरेनौ भनेता पाप तिम्रो ढोकैमा ढुकिबस्छ। त्यसको इच्छा तिमीप्रति हुन्छ, तर तिमीले त्यसलाई अधीनमा पार्नैपर्छ। ८ कयिनले आफ्ना भाइ हाबिललाई भने, "आऊ, हामी बाहिर खेतमा जाऔं।" अनि जब तिनीहरू खेतमा थिए तब कयिनले आफ्ना भाइ हाबिलमाथि आक्रमण गरेर तिनलाई मारे। ९ तब परमप्रभुले कयिनलाई सोध्नुभयो, "तिम्रो भाइ हाबिल कहाँ छ? तिनले भने, "मलाई थाहा छैन। के म मेरो भाइको गोठाला हुँ र? १० परमप्रभुले भन्नुभयो, "यो तैंले के गर्‍यौ? तिम्रो भाइको रगतले भूमिबाट मलाई दुहाई मागिरहेछ। ११ तिमी अब श्रापित भएर यस भूमिबाट खेदिएको छौ, जसले तिम्रो भाइको रगत तिम्रो हातबाट लिनलाई आफ्नो मुख उघार्‍यो १२ तिमीले भूमिको खेती गर्दा अब उप्रान्त त्यसले तपमफलाई आफ्नो उब्जनी दिनेछैन। तिमी पृथ्वीमा एक विनाचैनको डुलुवा हुनेछौ।" १३ कयिनले परमप्रभुलाई भने, "मैले सहनै नसक्ने कड़ा दण्ड मलाई भयो। १४ हेर्नुहोस्, आज तपाईंले मलाई यस भूमिबाट निकालिदिनुहुन्छ, र तपाईंको उपस्थितिबाट मैले लुक्नुपर्नेछ। म पृथ्वीमा विनाचैनको डुलुवा हुनेछु, र मलाई फेला पार्ने जोसुकैले पनि मलाई मार्नेछ।" १५ तर परमप्रभुले तिनलाई भन्नुभयो, "त्यसो होइन, जसले कयिनलाई मार्छ त्यससित सात गुणा बदला लिइनेछ।" अनि कयिनलाई कसैले फेला पारेर नमारोस् भनी परमप्रभुले तिनीमाथि एउटा चिन्ह लगाइदिनुभयो। १६ तब कयिन परमप्रभुको उपस्थितिबाट निस्केर अदनको पूर्वपट्टि भएको नोद भन्ने देशमा बस्न लागे।

धेरै नराम्रो घट्नाहरूको स्रोत नै आदमको अटेरीपन वा परमेश्वरको आज्ञा पालन नगर्ने चरित्र हुनगएको थियो। त्यसले गर्दा मानव समाजमामात्र

होइन परमेश्वरको सम्पूर्ण प्राकृतिक सृष्टिले पनि खराब नतिजा व्यहोर्नु **परेको थियो। पापको** कारणले सौन्दर्य र रमणीय प्रकृतिले दुःख भोग्नु पऱ्यो।

## ३. परमेश्वरसँग र एक आपसमा बेमेल वा छुट्टिन्दा भएको बिसङ्गतिको प्रमाण

**परमेश्वरसँग र एक आपसमा नमिल्ने र अलग्गिने स्वभावले ल्याएको नतिजा उत्पत्ति ११:१-९मा पढ्नुहोस्। एक आपस नमिल्दा र अलग भएर बस्ने समस्याले के निम्त्याएको थियो? "१ त्यस बेला जम्मै पृथ्वीमा एउटै भाषा र एकै खालको बोली थिए। २ मानिसहरू पूर्वतिर सर्दैजाँदा शिनार देशमा एउटा मैदान भेट्टाएर त्यहीँ बसोबास गरे। ३ तिनीहरूले आपसमा भने, "लौ, हामीहरू ईंट बनाएर पोलौं।" ढुङ्गाको सट्टा ईंट र हिलोको सट्टा अलकत्रा तिनीहरूले प्रयोग गरे। ४ तब तिनीहरूले भने, "लौ, हामी आफ्नो निम्ति एउटा सहर र स्वर्गैसम्म पुग्ने एउटा धरहरा बनाऔं, अनि आफ्नो नाउँ राखौं र हामी पृथ्वीभरि जतातते नछरिऔं।" ५ मानिसहरूका सन्तानले बनाइरहेका सहर र धरहरा हेर्नलाई परमप्रभु तल ओर्लनुभयो। ६ अनि परमप्रभुले भन्नुभयो, "यदि एउटै भाषा बोल्ने एउटै जातिको स्थानमा अहिले यिनीहरूले यो गरे भने, अब तिनीहरूले योजना गरेको कुनै पनि कुरा असम्भव हुनेछैन। ७ आओ, तल ओर्लेर गई तिनीहरूको भाषा खलबल पारिदिऔं, र तिनीहरूले एक-अर्काको बोली नबुझून्।" ८ तब परमप्रभुले त्यहींबाट तिनीहरूलाई जम्मै पृथ्वीभरि तितरबितर पारिदिनुभयो, र तिनीहरूले त्यो सहर बनाउन छोड़िदिए। ९ यसकारण त्यसको नाउँ बाबेल* राखियो, किनभने परमप्रभुले त्यहीं नै सारा पृथ्वीभरिका भाषा खलबल पारिदिनुभएको थियो। त्यहींबाटै परमप्रभुले तिनीहरूलाई सारा पृथ्वीभरि तितरबितर पारिदिनुभयो।"**

बाइबलमा उल्लेखित जलप्रलयको घट्नापछि अर्को उल्लेखनीय घट्ना बाबेलको धरहराको निर्माण हो। यस निर्माणले मानिसहरूको बोल्ने बोलिचाली वा भाषा अलमलियो जसले गर्दा एकै भाषा बोल्ने मानिसहरूपनि एक आपसमा भाषा नबुझ्दा तितरबितर भए। ती मानिसहरू युफ्रेटस र टाइग्रिस नदीहरूको बीचमा रहेको उर्बर र सुन्दरभूमिबाट आकर्षित भएका हुनसक्छन्। त्यसले गर्दा पनि नोहाबाट आएका केही सन्तानहरूले सहर बनाउने निर्णय गरेका थिए। सहरमात्र नभएर फेरि जलप्रलय भएमा त्यसबाट बच्न र आकाश नै छुने गरि बिशाल गगनचुम्बी भवन वा धराहरा बनाउन ती मानिसहरू तम्सिए।

त्यसको भग्नावशेष  शिनारको भूमिमा छ जुन अहिले इराक देशको दक्षिण भागमा छ (उत्पत्ति ११:२)।

आधुनिक इराकमा रहेको मेसोपोटामिया पुरानो इतिहास अनुसार मानिसहरूले भरिएको अत्यन्त बाक्लो क्षेत्र थियो भनेर पुरातत्वविदहरूले त्यस क्षेत्रको उत्खनन गरेर पत्ता लगाएका थिए। ती मानिसहरूमा सुमेरू सभ्यताका मानिसहरू थिए जसले माटा का पाताहरूमा अक्षर लेख्ने कला आविष्कार गरेका थिए। तिनीहरूले अत्यन्त राम्रोसँग घरहरू निर्माण गरेका थिए। तिनीहरू गरघहना, आवश्यक औजारहरू र घरमा चलाउने सरसामानहरू उत्पादन गर्न सिपालु थिए। विभिन्न देवीदेंवताहरूलाई पूजा गर्न धरहरा जस्ता मन्दिरहरू पनि त्यस क्षेत्रको माटोलाई खोतल्दा भेट्टाएका थिए।

शिनारको रमणीय क्षेत्रमा बसोबास गरेका नोहाका सन्तानहरूले नोहाका परमेश्वरलाई बिर्सन थालेका थिए। रङ्गीबिरङ्गी इन्द्रेनीद्वारा अब विश्वलाई पानीले कहिल्यै नष्ट नगर्ने परमेश्वरको बाचालाई तिनीहरूले बिर्सन थालेका थिए। परमेश्वरमाथिको आस्थालाई पन्छाएर आफ्नै ज्ञान र सिपलाई सर्बोच्च ठानेर बिशाल धरहरा बनाउने तिनीहरूको निर्णय थियो। त्यस धरहराले पछि आउने पिढीहरूले तिनीहरूले ठानेका उच्च शिखरको सभ्यतालाई सम्झोस भनेर एक स्मारकको रूपमा निर्माण गर्ने सुर कसेका थिए। आफूहरू प्रख्यात भएको देखाउने, आफूहरूको प्रतिष्ठालाई जोगाइराख्ने र "आफ्ना नाउँ राख्ने" (उत्पत्ति ११:४ रूपान्तरित) महत्वाकाङ्क्षाले अभिप्रेरित भएर धरहराको निर्माण गर्ने काममा जुटेका थिए। "सत्य धर्म वा परमपिता परमेश्वर माथिको आस्थालाई अङ्गालेर मानिसहरू एक जुट भएर बसोस् र त्यसलाई सुरक्षित राखोस् भन्ने परमेश्वरको चाहना थियो। तर मूर्तिपूजा र बहुदेववाद वा मानव दर्शनले उत्पादन गरेका अनगिन्ति देवीदेवताहरूले गर्दा भित्री आत्मिक एकतालाई चक्नाचुर पारिदिएको थियो। तिनीहरूले केवल धार्मिक एकतामात्र होइन सारा मानिसहरूमा हुने भातृत्वको सदभावना पनि गुमाए। मानव मानवको बीचमा र परमेश्वर र मानिसको बीचमा हुनुपर्ने भित्रि आत्मिक एकतालाई ठुक्राएर बाह्यतरिकाले मात्र आफ्नो नाउँ थामिराख्न धरहरा बनाउने जस्तो काम कहिल्यै पनि सफल हुँदैन।"-द एसडिए कमेन्टरी, ठेली १, पृ. २८४,२८५बाट रूपान्तरित।

आदम र हव्वाको पतनले गर्दा मानिस जातिको एकता र परमेश्वरको सुरुको योजना भताभुङ्ग भएको थियो। त्यसले गर्दा परमेश्वरको आराधना गर्ने

काममा अन्यौलता फैलियो, मानव जगतमा दुष्टताले सबै ठाउँहरूमा राज गर्न पुग्यो र यस पृथ्वीमा नैतिकता तथा उच्च नीति नाङ्गिन पुग्यो। त्यसले गर्दा अन्तमा गएर सारा मानव जाति विभिन्न संस्कार, संस्कृति, सभ्यता, भाषा, जाति र अनेकौं धर्ममा लागेर एक आपसमा अलगिन पुग्यो। मानिसहरू एक आपसमा सन्किने पनि परमेश्वरको चाहनामा चल्न अस्वीकार गरेकोले भएको हो।

**संस्कार, चालचलन, संस्कृति, जाति, भाषा, देशबिदेश, पुरुष स्त्री आदिले गर्दा विभाजन ल्याउने विकृतिले मानिस मानिस बीचमा चोट पुऱ्याइरहेको छ। परमेश्वरलाई विश्वास नगर्नेहरूको बीचमामात्र होइन चर्चमा पनि बिभाजन ल्याएर मानिसहरूमा फाटो ल्याइरहेको छ। बिभाजनले ल्याउने फाटेको चित्तलाई निको पार्न हामीहरूले कस्ता व्यवहारिक कदमहरू चाल्न सक्छौं? सोच्नुहोस्।**

## ४. परमेश्वरका जनहरूका पिता अब्राहम

जगत सृष्टिकर्ता परमेश्वर एकमात्र हुनुहुन्छ भनेर विश्वास गर्ने बिश्वका महान् धर्महरूमा तीन उल्लेखनीय छन्ः ती हुन् यहूदी धर्म, इसाई धर्म र इस्लाम धर्म। ती तिनै धर्मले अब्राहमलाई पिता पूर्खाको रूपमा लिन्छ। इसाईहरूले अब्राहमलाई आत्मिक पिताको रूपमा लिन्छन्। अब्रहामलाई मेसोपोटामिया वा आधुनिक इराकबाट निस्केर जाऊ र आफूले देखाउने देशमा जाऊ भनेर परमेश्वरले सम्बोधन गर्ने क्रममा उहाँले भन्नुभएको थियो, "तिमीले गर्दा नै संसारका सबै परिवारले आशिर्वाद पाउनेछन्" (उत्पत्ति १२ः३, १८ः१८,२२ः१८)। अब्राहमलाई शारीरिक रूपमा आफ्नो पूर्खा मान्ने यहूदी जातिबाट यहूदी बंशमै जन्मनुभएको येशूद्वारा संसारका सबै जातिहरूमा त्यो आशिर्वाद पाउने वचन दिइएको थियो।

**देहायका केही पदहरू पढ्नुहोस्। ती पदहरूमा अब्राहमको विश्वासको कुन तत्वलाई औंल्याइएको छ? इसाईहरूमा हुने वा हुनुपर्ने एकतामा त्यो तत्वसँग कस्तो सम्बन्ध छ? अर्थात् ती पदहरूमा के छन् जसले गर्दा इसाई एकतामा हुनुपर्ने निर्णायक गुणलाई बुझाउन हामीलाई सहयोग गर्दछ? हेर्नुहोस्ः हिब्रू ११ः८-१९ "८ विश्वासद्वारा अब्राहामले आज्ञापालन गरे, र जाऊ भनेको ठाउँतिर गए, जुन ठाउँ उत्तराधिकारको रूपमा उनले पछि पाउनेथिए, यद्यपि उनी कतातिर गइरहेका थिए, त्यो उनलाई थाहा थिएन। ९ विश्वासैद्वारा उनी एक**

परदेशीझैं प्रतिज्ञाको देशमा इसहाक र याकूबजस्तै तम्बूहरूमा बसोबास गरे। उनीहरू अब्राहामसँगसँगै उही प्रतिज्ञाका हकदार थिए। १० किनकि उनले एउटा जग भएको सहरको प्रतीक्षा गर्थे, जसलाई बनाउने र निर्माण गर्ने परमेश्वर नै हुनुहुन्छ। ११ विश्वासैद्वारा साराले पनि आफ्नो उमेर ढल्किसकेपछि गर्भधारण गर्ने शक्ति प्राप्त गरिन्। किनभने प्रतिज्ञा गर्नुहुनेलाई तिनले विश्वासयोग्य ठानेकी थिइन्। १२ यसैकारण मरेतुल्य शरीर भइसकेको एउटै मानिसबाट आकाशका तारा जत्तिकै असंख्य र समुद्रका किनारका अनगिन्ती बालुवाका कण जत्तिकै सन्तान उत्पन्न भए। १३ प्रतिज्ञा गरिएको कुरा प्राप्त नगरी यिनीहरू सबै विश्वासैमा मरे, तर टाढ़ैबाट त्यसलाई देखेर स्वागत गरी तिनीहरूले मानिलिए, कि तिनीहरू यस पृथ्वीमा परदेशी र प्रवासी थिए। १४ यस्ता कुरा भन्ने मानिसहरूले आफ्नो निम्ति एउटा देश खोजिरहेका छन् भन्ने कुरा प्रष्ट हुन्छ। १५ जुन देशबाट तिनीहरू निस्केर गएका थिए, यदि तिनीहरूले त्यही देशको विषयमा सोचेका भए तिनीहरूलाई फर्किजाने मौका मिल्ने थियो। १६ तर तिनीहरू अझ उत्तम देश, अर्थात् एक स्वर्गीय देशको इच्छा गर्छन्। यसैकारण परमेश्वर तिनीहरूका परमेश्वर भनी पुकारिनु शर्माउनुहुन्न, किनभने उहाँले तिनीहरूका निम्ति एउटा सहर तयार पारिदिनुभएको छ। १७ विश्वासद्वारा आफ्नो परीक्षा हुँदा अब्राहामले इसहाकलाई बलि चढ़ाए। उनले प्रतिज्ञाहरू पाएका थिए, तापनि आफ्नो एउटै छोराको बलि चढ़ाउन उनी तयार भए। १८ यिनकै विषयमा यसो भनिएको थियो, "इसहाकद्वारा नै तिम्रो सन्तानको नाउँ रहनेछ।" १९ परमेश्वरले मानिसहरूलाई मरेकोबाट पनि फेरि जीवित पार्न सक्नुहुन्छ भन्ने कुरा अब्राहामले सोचे, र भनौं भने, उनले इसहाकलाई फिर्ता पाए।" र रोमी ४:१-१२ "१ अब, शरीरअनुसारका हाम्रा पुर्खा अब्राहामको सम्बन्धमा हामी के भनौं त? २ यदि अब्राहाम कामद्वारा धर्मी ठहरिएका भए उनलाई घमण्ड गर्ने केही ठाउँ रहनेथियो, तर परमेश्वरको अगाडि त होइन। ३ किनकि पवित्र-शास्त्रले के भन्छ? "अब्राहामले परमेश्वरमाथि विश्वास गरे, र त्यो उनको निम्ति धार्मिकता गनियो।" ४ अब काम गर्नेले जुन ज्याला पाउँछ त्यो दान होइन, तर त्यो उसको पाउने हक हो। ५ जसले कर्मचाहिँ गर्दैन, तर भक्तिहीनलाई धर्मी ठहराउनुहुने परमेश्वरमाथि भरोसा राख्तछ, त्यस्तो मानिसको विश्वास धार्मिकता गनिन्छ। ६ परमेश्वरले कर्मविना नै धार्मिक गन्नुहुने मानिसलाई यी वचनद्वारा दाऊदले धन्यका भन्छन्, ७ "तिनीहरू धन्यका हुन्, जसका अपराधहरू क्षमा भएका छन्, र जसका पापहरू

**ढाकिएका छन्। ८ त्यो मानिस धन्यको हो, जसको पापको लेखा परमप्रभुले लिनुहुन्न।" ९ के यो आशीर्वाद खतनावालहरूका निम्ति मात्र हो? कि बेखतनावालहरूका निम्ति पनि हो? अब्राहामको निम्ति त उनको विश्वास नै धार्मिकता गनिएको थियो भनी हामी भन्दछौं। १० तब कसरी यो उनको निम्ति धार्मिकता गनियो? उनको खतना हुनभन्दा अघि वा पछि? उनको खतना भइसकेपछि होइन, तर अघि। ११ खतना नहुँदै विश्वासद्वारा पाउने धार्मिकताको चिन्ह वा छाप स्वरूप उनले खतना पाएका थिए। खतनाविनै विश्वास गरेर धर्मी गनिएका सबैका उनी पिता होऊन् भन्ने उद्देश्यले यो भएको हो। १२ उनी ती खतनावालहरूका पनि पिता हुन्, जसका खतना भएको मात्र होइन, तर जसले विश्वासको त्यही नमूनालाई पछ्याउँछन्, जुन विश्वास खतना हुन अघि हाम्रा पिता अब्राहममा थियो।"**

येशूलाई बिश्वास गर्ने सबैका पितामह हुनुभएको अब्राहमले इसाई एकतामा हुनुपर्ने आधारभूत तत्वहरू हामीलाई देखाउनुभएको छ। इसाईहरूलाई एकत्रित पारिराख्न ती तत्वहरूमा केन्द्रित हुनुपर्छ। प्रथमतः अब्राहमले परमेश्वरले दिनुभएको आदेशलाई हृदयदेखि नै पालन गरेका थिए। "८ विश्वासद्वारा अब्राहामले आज्ञापालन गरे, र जाऊ भनेको ठाउँतिर गए, जुन ठाउँ उत्तराधिकारको रूपमा उनले पछि पाउनेथिए, यद्यपि उनी कतातिर गइरहेका थिए, त्यो उनलाई थाहा थिएन।" हिब्रू ११:८। दोस्रो, अब्राहममा परमेश्वरले गर्नुभएका प्रतिज्ञाहरूमा आशा राखेका थिए। "९ विश्वासैद्वारा उनी एक परदेशीझैं प्रतिज्ञाको देशमा इसहाक र याकूबजस्तै तम्बूहरूमा पालमा बसोबास गरे। उनीहरू अब्राहामसँगसँगै उही प्रतिज्ञाका हकदार थिए। १० किनकि उनले एउटा जग भएको सहरको प्रतीक्षा गर्थे, जसलाई बनाउने र निर्माण गर्ने परमेश्वर नै हुनुहुन्छ।" हिब्रू ११:९-१०। तेस्रो, परमेश्वरले उनलाई एक पुत्र दिन्छु भन्नुभएको प्रतिज्ञा र एक दिन ती पुत्रका सन्तानहरू आकाशका ताराहरू जस्तै अनगिन्ति हुनेछन् भन्ने प्रतिज्ञामा उनले विश्वास गरेका थिए। त्यही विश्वासको आधारमा परमेश्वरले उनलाई निर्दोष ठहऱ्याउनुभएको थियो (रोमी ४:१-३)। परमेश्वरले बनाउनुभएको मुक्तिको योजनामा उनले भरोसा राखेका थिए। जब मोरियाको पहाडमा आफ्नो छोरो इसहाकलाई बलि चढाउन परमेश्वरले आज्ञा दिनुभएको थियो, त्यो नै उनको निम्ति परमेश्वरमा बिश्वास भरोसाको परीक्षा थियो (उत्पत्ति २२:१-१९, हिब्रू ११:१७-१९)। (यो पनि मान्नुपर्छ कि इसाहकलाई बलि चढाउन परमेश्वरले

अह्रानुभएको आज्ञा अब्राहमको निम्ति परीक्षामात्रै थियो। परमेश्वरले इसाहाकलाई बलि चढाउन दिनुभएन किनकि त्यसले आउनेवाला येशूको खास बलिलाई देखाएको थियो। येशू ख्रीष्ट बाहेक कुनै पशु वा मानिसको बलिले मानिसलाई चोखो र पापबाट निर्दोष बनाउँदैन। साथै इसहाकलाई बलि चढाउन अह्राउँदा वा चढाउनै लागेको बेलामा पिता अब्राहमलाई कस्तो अनुभव भएको थियो त्यस्तै अनुभव परमेश्वर पितालाई पनि हुनेभएको थियो भनेर त्यस कथा बाइबलमा राखिएको थियो-अनुवादकको टिप्पणी)। अब्राहम परमेश्वरको मित्र भनेर पनि पुरानो करारले वर्णन गर्दछ (२ इतिहास २०:७, यशैया ४१:८)। उनको विश्वास तथा परमेश्वरमाथिको भरोसाको जीवन, परमेश्वरले अह्राउनुभएको काममा नहिचिकिचाउने चरित्र र परमेश्वरले दिनुभएको प्रतिज्ञाहरूमा आस्था राख्ने अब्राहमको अनुकरणीय उदाहरण नै प्रत्येक व्यक्ति जो येशूभक्त हुँ भनेर स्वीकार गर्छ त्यसले आत्मसात् गर्नु जरुरी छ।

**केही दिनसम्म तपाईंका क्रियाकलाप र बोलेका वचनहरू सोच्नुहोस्। तपाईंले जे गर्नुभएतापनि वा जे बोल्नुभएतापनि त्यसले तपाईंको विश्वासको वास्तविकता वा व्यवहारिकतालाई कसरी देखाउँछ?**

## ५. परमेश्वरका चुनिएका जाति

परमेश्वरले अब्राहमलाई आफ्नो सेवक हुन बोलाउनुहुँदा उनी सारा संसारमा परमेश्वरको प्रतिनिधि होऊन् भनेर चुन्नुभएको थियो। यो बोलावट र नियुक्ति परमेश्वरको प्रेम र अनुग्रहको काम थियो। मानिसको पतनबाट ल्याइएको मानव जगतमा विध्वंस र बेमेललाई पुनस्थापना गर्ने मूल योजनालाई साकार पार्न परमेश्वरले इस्राएली जातिलाई चुन्नुभएको थियो। पवित्र इतिहास नै त्यस पुनस्थापना गर्ने परमेश्वरको कामको अध्ययन हो। परमेश्वरले तयार पार्नुभएको मुक्तिको योजनाको मुख्य भूमिका इस्राएल राष्ट्रसँग गरिएको करारले खेल्ने अपेक्षा गरिएको थियो।

**(परमेश्वरले इस्राएलीहरूसँग कारोबार गर्नुभएको बेलामा तत्कालीन सारा विश्वको जनसंख्या करिब तीन करोड थियो भनेर जनसंख्याविद्हरूले अनुमान गरेका छन्-अनुवादकको खोजअनुसुन्धान)। सारा मानिसहरूको बीचमा इस्राएली जातिलाई नै परमेश्वरले आफ्ना जनहरू भनेर किन चुन्नुभयो? अब्राहमकै सन्तानलाई मात्र उहाँले आफ्ना जनहरू बनाउन किन चुन्नुभयो? हेर्नुहोस् व्यवस्था ७:६-११ "६ किनकि परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति**

**तिमीहरू एक पवित्र जाति हौ। परमप्रभु तिमीहरूका परमेश्वरले पृथ्वीमा भएका सबै मानिसहरूमध्येबाट आफ्नो निम्ति एक विशेष जाति, एक अमूल्य सम्पत्ति बनाउन तिमीहरूलाई छान्नुभएको छ। ७ तिमीहरू संख्यामा अरू जातिहरूभन्दा धेरै भएकाले परमप्रभुले तिमीहरूलाई प्रेम गर्नुभएको वा छान्नुभएको होइन, किनकि तिमीहरू त संख्यामा सबै जातिहरूभन्दा कम थियौ। ८ तर परमप्रभुले तिमीहरूलाई प्रेम गर्नुभएको कारणले, र उहाँले तिमीहरूका पिता-पुर्खाहरूसित गर्नुभएको प्रतिज्ञा पूरा गर्नलाई नै तिमीहरूलाई परमप्रभुले आफ्नो बाहुबलद्वारा निकाली ल्याउनुभयो, र मिश्रका राजा फारोको हातबाट, दासत्वको देशबाट छुटकारा दिनुभयो। ९ यसकारण याद राख, परमप्रभु तिमीहरूका परमेश्वर मात्र परमेश्वर हुनुहुन्छ, एक विश्वासयोग्य परमेश्वर। उहाँलाई प्रेम गर्ने र उहाँका आज्ञा पालन गर्ने हजारौं पुस्तामाथि उहाँले आफ्नो प्रेमको करार पूरा गर्नुहुन्छ, र दया देखाउनुहुन्छ। १० तर उहाँलाई तिरस्कार गर्नेहरूलाई उहाँले अवश्य नाश गर्नुहुनेछ, र उहाँलाई घृणा गर्ने विरुद्ध बदला लिन उहाँ विलम्ब गर्नुहुनेछैन। ११ यसकारण आज मैले तिमीहरूलाई दिएका आज्ञा, विधि र विधान होशियारीसाथ पालन गर।"**

मानव जातिमा परमेश्वरको प्रेम केन्द्रित भएर नै उहाँले इस्राएलीहरूलाई आफ्ना जनहरू भनेर चुन्नुभएको थियो। परमेश्वरको बारेमा आत्मज्ञान सुरक्षित राख्न र उहाँका जनहरूद्वारा मानव जातिलाई मुक्ति दिलाउन उहाँले अब्राहम र उनका सन्तानहरूसँग करार बाँध्नुभएको थियो (भजन ६७:१-४ "१ परमेश्वरले हामीप्रति अनुग्रह गरून् र हामीलाई आशीर्वाद देऊन् र आफ्नो मुहार हामीमाथि प्रकाशित गरिदेऊन्। २ र तपाईंको मार्ग पृथ्वीमा प्रकट होस्, र तपाईंको उद्धार सबै जातिहरूलाई थाहा होस्। ३ हे परमेश्वर, मानिसहरूले तपाईंको प्रशंसा गरून्, सबै मानिसहरूले तपाईंको प्रशंसा गरून्। ४ जाति-जातिहरू प्रसन्न होऊन् र आनन्दले गीत गाऊन्, किनकि तपाईंले मानिसहरूमाथि न्यायपूर्वक शासन गर्नुहुन्छ, अनि पृथ्वीका जातिहरूलाई मार्गदर्शन गर्नुहुन्छ)। यद्यपि, परमेश्वरलाई इस्राएललाई चुन्नु नै उहाँको प्रेमको सर्वोच्च काम थियो। अब्राहमका सन्तानले आफ्नो धर्मकर्मद्वारा आर्जन गर्ने प्रेम नभएर परमेश्वरको आफ्नै अनुग्रहले उपलब्ध गराइएको प्रेम भएकोले कसैले पनि घमण्ड गर्ने ठाउँ छैन। परमेश्वर आफैले भन्नुभयो "तिमीहरू संख्यामा अरू जातिहरूभन्दा धेरै भएकाले परमप्रभुले तिमीहरूलाई प्रेम गर्नुभएको वा

छान्नुभएको होइन, किनकि तिमीहरू त संख्यामा सबै जातिहरूभन्दा कम थियौ।" (व्यवस्था ७:७)।

परमेश्वरले जुन तरिकाको आधारमा उहाँले मानिसहरूलाई चुन्नुभयो त्यो मानव मनस्थितिको बिपरित थियो। आफ्ना अगुवाहरू चुन्न मानिसहरूले शक्तिशाली वा बलियो, ज्ञानले भरिएको र आत्मविश्वास भएकाहरूलाई चुन्छन्। तर परमेश्वरले आफूलाई सेवा गर्न शक्तिशाली र बलिया मानिसहरूलाई चुन्नुभएन तर आफू कमजोर भएको, अयोग्य भएको, बुद्धि नपुगेको र केही पनि होइन भन्नेहरूलाई चुन्नुभयो ताकि कसैले आफ्नै बाहुबल वा धर्मकर्मले परमेश्वरको अगाडि धर्मात्मा ठहरिएको भनेर फूर्ति नलगाओस् (१ कोरन्थी १:२६-३१ "२६ भाइ हो, जब तिमीहरू बोलाइएका थियौ, तिमीहरू कस्ता थियौ? सो विचार गर। सांसारिक स्तरअनुसार तिमीहरूमध्ये धेरै जना बुद्धिमान्, धेरै जना शक्तिशाली र धेरै जना खानदानी थिएनौ। २७ तर बुद्धिमान्हरूलाई शर्ममा पार्न परमेश्वरले संसारका मूर्ख कुराहरूलाई छान्नुभयो, र शक्तिशालीलाई शर्ममा पार्नलाई परमेश्वरले संसारका निर्बल कुराहरूलाई छान्नुभयो। २८ परमेश्वरले संसारका नीच र तुच्छ ठहरिएका कुराहरूलाई चुन्नुभयो। यहाँसम्म कि नगण्य कुराहरूलाई पनि चुन्नुभयो, यस हेतुले कि जुन कुरा छन् ती व्यर्थ ठहरिऊन्, २९ र कुनै प्राणीले परमेश्वरको सामुन्ने अहङ्कार नगरोस्। ३० परमेश्वर नै ख्रीष्ट येशूमा तिमीहरूका जीवनको स्रोत हुनुहुन्छ, ख्रीष्टलाई नै उहाँले हाम्रा बुद्धि, हाम्रा धार्मिकता र पवित्रता र हाम्रा उद्धार बनाउनुभयो। ३१ यसैले लेखिएको छ, "गर्व गर्नेले प्रभुमा नै गर्व गरोस्") ।

यद्यपि तिनीहरूमा भएका विशेषअधिकार वा अवसरको बारेमा हेरौं: "आफ्ना इस्राएली जनहरू प्रशंशनीय र महिमित होस् भन्ने परमेश्वरको चाहना थियो। प्रत्येक आत्मिक लाभ ती मानिसहरूलाई दिइएको थियो। आफ्नो चरित्रको प्रतिनिधि हुन तिनीहरूलाई चाहिने खुबीको निर्माण गर्न कुनै तत्वबाट परमेश्वरले बंचित गराउनुभएको थिएन। परमेश्वरको व्यवस्थालाई पालन गरेर तिनीहरूमा हुने समृद्धि वा सफलताको जीवनबाट संसारका राष्ट्रका मानिसहरूले छक्क वा अचम्म मान्नुपर्नेथियो। तिनीहरूलाई आआफ्ना कामहरूमा सिपालु बनाउन परमेश्वरले तिनीहरूलाई निरन्तररूपमा ज्ञानबुद्धि र दक्षता उहाँले दिन सक्नुहुन्थ्यो। त्यसले गर्दा तिनीहरू सारा मानिसहरूको गुरु हुन्थे। तिनीहरूले परमेश्वरको व्यवस्थालाई मानेको हुनाले तिनीहरूलाई सम्मान हुन्थ्यो र अरूभन्दा तिनीहरू प्रतिष्ठित जाति हुन्थ्ये। यदि तिनीहरूले परमेश्वरका

वचनहरूलाई शिरोपर गरेर चलेको भए अरू राष्ट्र वा जातिका मानिसहरूमा आउने रोगव्याधीबाट सुरक्षित हुन्थे। तिनीहरूमा बौद्धिक क्षमताको जोश हुन्थे र तिनीहरू परमेश्वरको आशिषले भरिपूर्ण हुन्थे। तिनीहरूको सबै सम्मुनति वा सफलतामा परमेश्वरको महिमा, उहाँको राजकीय शक्ति र प्रतिष्ठा प्रकट हुन्थ्यो। यस पृथ्वीको सबभन्दा महान् राष्ट्र हुन तिनीहरूलाई चाहिने प्रत्येक क्षमतालाई परमेश्वरले उपलब्ध गराउनुभएको थियो।"-एलेन जी ह्वाइट, *क्राइस्ट अबजेक्ट लेसनस्,* पृ. २८८बाट रूपान्तरित।

**परमेश्वरले पौराणिक इस्राएललाई बोलाउँदा उहाँले तिनीहरूलाई के गर्नुभएको थियो? त्यसैलाई मध्यनजरमा राखेर हामी सेभेन्थ-डे एडभेन्टिस्ट भनेर बोलाउँदा उहाँले हामीलाई पनि के गर्नुभएको थियो? त्यो सोच्नुहोस्।**

## उपसंहारः

सामग्री भएमा एलेन जी ह्वाइटद्वारा लिखित पाट्रियार्क एण्ड प्रोफेटसको पृ. ४४-५१को "द क्रियशन" र पृ. १२५-१३१को "द कल अभ अब्राहम" पढ्नुहोस्।

परिवार र साबथ संस्थाको स्थापनाले सुरुमा परमेश्वरले स्थापना गर्नुभएको मानिसको सृष्टिको उद्देश्य के थियो भनेर प्रतिबिम्बित गर्दछ (उत्पत्ति २:२१-२४)। येशू ख्रीष्टले स्पष्टरूपमा राख्नुभएको अवधारणा अनुसार साबथ सारा मानव जातको निम्ति स्थापना भएको थियो (मर्कूस २:२७,२८)। जब परमेश्वरले सातौं दिनलाई अलग पार्नुहुँदा उत्पत्तिको पुस्तकमै साबथको विश्वव्यापीकरणको स्वभावलाई देखाइएको थियो। साबथ आफ्नो करारमा रहनुपर्ने इस्राएलीहरूलाई बोलाउनु हुँदा पहिले नै अर्थात् संसारमा पापको प्रवेश हुनुभन्दा अगावै साबथको गरिमा स्थापित भएको थियो। यदि संसारका सबै मानिसहरू र इसाई हुँ भनेर दावी गर्ने सबैले साबथलाई पालन गरेको भए सबैलाई एक बनाइराख्ने शक्तिशाली बल हुनेथियो होला। अब्राहमका सन्तान इस्राएलीहरूलाई सिनैको पहाडमा दश आज्ञा दिनुभन्दा पहिले नै आदम र हव्वालाई विश्रामको दिन दिनुभएको थियो ताकि तिनीहरूको सन्तानहरूको बीचमा र परमेश्वरसँग साझा मिलन होस्। "अदनको बगैंचामा स्थापना भएको साबथ र परिवार एक आपसमा अभिन्न अङ्ग भइरहोस् भन्ने परमेश्वरको उद्देश्य थियो। अरू कुनै दिनभन्दा यस दिनमा हामीहरू अदनको बगैंचामा रहेको अनुभव गर्न सम्भव छ। परिवारका सदस्यहरू एक आपसमा मिलेर काम र

अध्ययन गरोस्, आराधना र मनोरञ्जन गरोस्, बुबा घरपरिवारको पूजारी होस् र आफ्ना छोराछोरीहरूको निम्ति बाबु आमा साथी र शिक्षकहरू होउन् भन्ने परमेश्वरको योजना थियो।"-एलेन जी ह्वाइट, चाइल्ड गाइडेन्स, पृ. ५३५बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. **उत्पत्तिको पुस्तक अनुसार स्त्री आदमको करङबाट निकालिएकी थिई। त्यस लेखले श्रीमान् र श्रीमतीको बीचमा कस्तो घनिष्ट र पारस्परिक सम्बन्ध भइराख्नु अत्यन्त आवश्यक छ भनेर कसरी देखाउँछ? बाइबलभरि परमेश्वरले आफ्ना जनहरूसँग कति नजिक हुन चाहनुहुन्छ भनेर उहाँले श्रीमान् र श्रीमतीको सम्बन्धको उदाहरणको चित्रण गर्नुभएको छ। त्यो किन होला?**

आ. **बाबेलको धरहराको कथामा उल्लेखित जाति र भाषाको बिभाजन र भिन्नता परमेश्वरको सुरुको योजनामा थिएन तैपनि येशूलाई विश्वास गर्दै एकतामा रहेर ती जाति र भाषाले ल्याउने भिन्नताबाट हामी कसरी माथि उक्लेर बस्नसक्छौं?**

इ. **पौराणिक इस्राएललाई परमेश्वरले बोलाउनुभएको र हामीले सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई परमेश्वरलाई विश्वास नगर्ने र उहाँका दश आज्ञाहरूलाई पन्छाउने इसाईहरूबाट अलग हुने आह्वानमा के समानता छ? अझ स्पष्टसँग भन्ने हो भने इस्राएलको इतिहासबाट हामी के पाठहरू सिक्न सक्छौं जसले गर्दा हामीलाई ख्रीष्टद्वारा ईश्वरीय बोलाहटप्रति निष्ठावान भएर हामी बस्न सकौं।**

**सारांश:** सारा मानव प्राणी एक भएर तालमेल गरेर बसोस गरोस् भन्ने परमेश्वरको योजना सृष्टिमै थियो। हामीहरूका प्रथम पितामाता आदम र हव्वाले परमेश्वरको वचन पालन नगर्दा परमेश्वरको योजनामा वाधा वा अवरोध आएको थियो। यद्यपि, परमेश्वरले अब्राहम र उनका सन्तानहरूलाई बोलाउनुभयो ताकि अदनको बगैंचामा गुमिएको वातावरण येशू ख्रीष्टद्वारामात्रै पाइने पुनस्थापनाको प्रतिज्ञा जीवित पारिराखोस्।

## कथा १

## असल मानिसहरूसँगको चिनाजानी

सामुएल स, म्यानमार

म्यानमारमा मानिसहरूसँग सम्बन्ध राखेर चल्नु अति महत्त्वपूर्ण मानिन्छ। त्याहाँ तपाईं को हो र तपाईंसँग के छ त्योसँग सरोकार रहदैंन। तर दक्षिण पूर्वी एशियामा तपाईंले कसलाई चिन्नुभएको छ त्यसमा तपाईंको जीवन निर्भर रहन्छ।

म्यानमारको राजधानी यान्गुनमा सेभेन्थ-डे एडभेन्टिस्ट स्कूल छ। त्यो स्कूलमा ६५० जना बिद्यार्थीहरू छन्। सन् १९७५मा स्कूलको निम्ति साना साना भवनहरू बनाइएका थिए। तर स्कूलको लोकप्रियताको कारण त्यहाँ पढ्न धेरै विद्यार्थीहरूले भर्ना हुन चाहेका थिए। त्यहाँका प्रशासकहरूले धेरै दुःख मान्दै कतिपय विद्यार्थीहरूलाई फर्काउन परेको थियो। त्यस स्कूलमा विद्यार्थीहरूलाई पढ्न ठूला भवनहरूको आवश्यकता थियो। एडभेन्टिस्ट चर्चका अगुवाहरूले याङ्गुनका धेरै मानिसहरूलाई चिनेतापनि स्कूललाई ठूलो बनाउन आधिकारिक अनुमति दिने मानिसहरूको सहयोग पाउन सकेका थिएनन्।

चर्चका पदाधिकारीहरूले याङ्गुन सहरको नगर पालिकाका प्रशासकहरूकहाँ गएर ठूलो भवन बनाउन पाउँ भनी अनुमति मागे। सबैले हुन्छ हुन्छ भने तर कसैले पनि कागजमा हस्ताक्षर गर्न मानेन। अगुवाहरूले आफूहरूले व्यक्तिगतरूपमा चिनेका सरकारी मानिसहरूकहाँ सहयोगको निम्ति बिन्ति गरे। तर मुखले मात्र हुन्छ हुन्छ भने तर कोही पनि मानिस आधिकारिक रूपमा सहयोग गर्न तयार भएनन्।

विश्व सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको मुख्य कार्यालय अमेरिकामा छ। त्यसलाई जनरल कन्फरेन्स भनिन्छ। त्यहाँको प्रशासकलाई साउथरन एशिया पाशिफिक डिभिजनका पदाधिकारीहरूले याङ्गुनमा ठूलो स्कूल बनाउन खाँचो परेको अवगत गराएका थिए। सन् २०१२मा विश्वका सेभेन्थ-डे एडभेन्टिस्ट चर्चका विश्वासीहरूले दिएका तेऱ्हौं साबथ स्कूलमा उठ्ने भेटीको केही भाग याङ्गुनको स्कूल भवन बनाउन सहयोग गर्न जनरल कन्फरेन्सका पदाधिकारीहरूले निर्णय गरेका थिए।

याङ्गुनको सेभेन्थ-डे एडभेन्टिस्ट स्कूलको आवश्यक भवन बनाउन रकमहरू जम्मा गरे। पैसा पनि थियो तर नगर पालिकाले भवन बनाउन अनुमति दिएन किनभने त्यहाँ कोही पनि मानिस चिने जानेका थिएनन्। चर्चका पदाधिकारीहरूलाई नगर पालिका धाउँदा धाउँदै तिन वर्ष बितेको थियो।

म्यानमारमा चर्चका पदाधिकारीहरू चुन्ने नियमित क्रममा चर्चले नयाँ नेतृत्व छान्यो। नयाँ अगुवाहरूले पनि सरकारी स्थानीय निकायका मानिसहरूलाई चिनेका थिएनन्। त्यसले तिनीहरूलाई निराश बनाएको थियो। विद्यार्थीहरूको ओइरो लाग्ने क्रम अहिले पनि जारी छ तर सबैलाई समेट्ने भवन छैन। भवन बनाउन अनुमति लिन कसैलाई पनि चिनेको छैन। चर्चका पदाधिकारीहरूले नयाँ भवन बनाउन असम्भव भएको ठान्न थालेका थिए।

तब एक दिन साउथरन एशिया-पासिफिक डिभिजनको अध्यक्ष सामूएल स म्यानमारका चर्चको अगुवाहरूलाई भेट्न गए। उनी आफै पनि म्यानमारको नागरिक थिए। उनले चर्चका पदाधिकारीहरूसँग स्कूलको बस्तुस्थितिबारे सोधे। चर्चका पदाधिकारीहरूले भवन बनाउन  अनुमति लिन स्थानीय सरकारी निकायसँग प्रयास गरेको र कसैलाई नचिनेकोले असफल भइरहेको बताइए। तर सामूएल सले जवाफ दिए, "हो तपाईंहरूले आधिकारिक मानिसहरूलाई चिन्नुभएको छैन होला। तर हामीहरूसँग जीवित परमेश्वर हुनुहुन्छ। यदि उहाँसँग हामीले चर्च भवन बनाउन अनुमतिका लागि  बिन्ति गऱ्यौं भने उहाँले नै व्यवस्था मिलाउन सक्नुहुन्छ।"

अगुवाहरूलाई प्रार्थना गरेर नयाँ अनुमति माग्न भवन निर्माण निकायलाई दर्खास्त दिन सामुएल सले सल्लाह दिए। अगुवाहरूले प्रार्थना गरेपछि तिनीहरू नगर पालिकामा गए। त्यहाँ टेबुलमा बसिरहेकी एक जना महिलाले तिनीहरूलाई मुस्कराउँदै अभिवादन गरिन्।। जब चर्चका पदाधिकारीहरूले याङ्गुन एडभेन्टिस्ट सेमिनारीबाट आफूहरू आएको कुरा उनलाई भने तब उनको अनुहार चम्क्यो। त्यो स्कूल १-१२ कक्षासम्म राम्ररी चलेको कुरा त्यस सहरमा सबैलाई थाहा थियो।

"ए, तपाईंहरू त्यो स्कूलबाट आउनुभएको हो!" उनले उत्साहित भएर बोलिन् "म त्यही स्कूलमा पढेको थिएँ। त्यस स्कूलको मूल्य मान्यता र शिक्षालाई म असाध्यै मन पराउँछु। त्यसले गर्दा मेरा दुई जना छोरीहरू त्यहीं पढिरहेका छन्।"

चर्चका पदाधिकारीहरूले स्कूलको भवन निर्माणको योजनाहरू वारे उनलाई जानकारी गरेपछि योजनाका सबै आवश्यक कागजहरूमा आधिकारिकरूपमा सहमत जनाउने कुरा उनले त्यतिखेरै वचन दिइन्।

"तपाईंहरूलाई म सहयोग गर्छु र तपाईहरूको निम्ति म काम गर्नेछु" उनले प्रतिवद्धता जनाइन्। उनको वचन अनुसार छोटो समयमै उनको सहयोगले स्कूलको भवन निर्माण सुरु भयो।

सन् २०१७मा नयाँ स्कूल भवनको निर्माण सम्पन्न भएपछि त्यस स्कूललाई परमेश्वरमा अर्पण गरे। स्कूलको अर्पणको समारोहमा सहभागी हुन

विश्व एडभेन्टिस्ट चर्चको अध्यक्ष टेड विलसन, धेरै शिक्षक, विद्यार्थी, चर्चका अगुवाहरू र स्थानीय निकायका पदाधिकारीहरू समावेश भएका थिए।

स्कूलका शिक्षकहरूलाई प्रोत्साहन दिँदै अध्यक्ष विलसनले भने, "तपाईँहरूले स्कूलको केन्द्रविन्दु येशूलाई बनाउनुहोस् किनभने स्कूल याङ्गुन सहरका मानिसहरूलाई प्रभाव पार्ने महत्त्वपूर्ण केन्द्र हो।" याङ्गुन सहरमा पाँच मानिसहरू करोड बसोबास गर्दछन्।

सन् २०१२को तेऱ्हौं साबथ स्कूलबाट उठेको भेटीले स्कूल बनाउन सहयोग गरेकोमा विश्व एडेभन्टिस्ट चर्च समूदायप्रति हार्दिक कृतज्ञता त्यस स्कुलको खजाञ्ची वेस्ली डोले व्यक्त गरेका थिए।

तेऱ्हौं साबथ स्कूलको भेटीले स्कूलको निम्ति ३००,००० डलर अर्थात् तिन करोड रूपैयाँ उपलब्ध गराएको थियो। चारकरोड पच्चिस लाख रूपैयाँ व्यक्तिगत सहयोग र म्यानमार युनियन मिसनको जग्गा बेचिविखनबाट उपलब्ध गराएको थियो। जनरल कन्फरेन्सको विशेष कोषबाट चार करोड रूपैयाँ प्रदान गरेको थियो। दुई करोड रूपैयाँ साउथरन-एशिया पासिफिक डिभिजनले उपलब्ध गराएको थियो भने आड्राले पाँच लाख रूपैयाँ उपलब्ध गराएको थियो।"याङ्गुन सहरका समाजमा हाम्रो स्कूल बत्तीको धरहरा भएर खडा गर्ने हाम्रो लक्ष्य हो" त्यस स्कूलको प्रिन्सिपल सले आफ्नो विचार व्यक्त गरे। नयाँ भवनमा ८०० विद्यार्थीहरू हुनेछन्। पुरानो भवनलाई निरन्तररूपमा प्रयोग गर्न सकियो भने अझ धेरै विद्यार्थीहरू भर्ना हुनसक्छन् प्रिन्सपलले भन्नुभयो। अहिले त्यस स्कूलमा ६४८जना विद्यार्थीहरू छन्। त्यसको २८प्रतिशत विद्यार्थीहरू एडेन्टिस्ट परिवारबाट आएका छन्। स्कूल अर्पण समारोहमा सहभागी हुनुभएको डिभिजन अध्यक्ष सामुएल सले स्कूल भवन निर्माण कार्यलाई परमेश्वरको आश्चर्यपूर्ण हस्तक्षेप भनेर आफ्नो विचार व्यक्त गर्दछन्।

"हो, तपाईँहरूको सहरका सरकारी पदाधिकारीहरूसँग चिनजान नहोला, तर हामीसँग अत्यन्त महत्त्वपूर्ण चिनजान भएको व्यक्ति हुनुहुन्छ-त्यो हो परमेश्वर पिता" उहाँले व्यक्त गर्नुभयो।

"एलेन जी ह्वाइटले भन्नुभएको छ "यदि हामीहरूले उहाँलाई औजारहरू उपलब्ध गरायौं भने परमेश्वरले आफ्नो काम गर्नुहुनेछ। जब हामीले उहाँमाथि भरोसा राख्दछौं, उहाँलाई विश्वास गर्दछौं, उहाँसँग माग्दछौं, उहाँले हामीलाई सबै मार्गमा अगुवाई गर्नुहुनेछ। उहाँको काम भएकोले परमेश्वर जहिले पनि हामीसँग रहनुहुन्छ।" टेस्टिमोनिज फर द चर्च, ठेली ९, पृ. १०७बाट उद्धृत गर्दै सामुएल सले भन्नुभयो।

***लेखकः आन्ड्रु मेकचेसनी।***